# शिक्षामा पहुँच

नेपाल ग्रामीण पुनर्निर्माण संस्था/बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रमको अर्ध-वार्षिक प्रकाशन (संख्या ४, जेठ-मंसीर २०६९)

## प्रारम्भिक बालविकासका शिक्षिकाहरूलाई पुनर्ताजगी तालिम

दुवाचौर गाविस, सिन्धुपाल्चोकको नमूना जुगल सामुदायिक बालविकास केन्द्रको तालिम हलमा युरोपियन युनियन र आरआरएनको सहयोगमा चाइल्ड नेपालद्वारा आयोजित बालमैत्री शिक्षण सिकाई विषयक तीन दिने पुनर्ताजगी तालिम र दुई दिने अध्ययन भ्रमण हालै सम्पन्न भएको छ । तीनवटै जिल्लाका परियोजनाले सहयोग गरिरहेका ३० वटा बालकेन्द्रहरूका एक-एक जना गरी ३० जना शिक्षिकाहरू उक्त कार्यक्रममा सहभागी भएका थिए ।

यो जमघटले सबै बालकेन्द्रहरूका शिक्षिकाहरू एक ठाउँमा भेला भई विगतको तालिमबाट सिकेका कुरा र बाल विकास केन्द्र संचालन गर्दै आउँदाको सिकाई अनुभव, समस्या र सम्भावनाहरू बारेमा खुलेर एक अर्कामा अनुभाव साटासाट् गर्न पाए । काठमाण्डौकी प्रशिक्षक शान्ता दाहालले प्रशिक्षणको सहजीकरण गनुभएको थियो भने तालिम र भ्रमण अवधिमा आरआरएनका कार्यक्रम व्यवस्थापक भानु पराजुली, चाइल्ड नेपालका संयोजक रत्न उप्रेती समेत सहभागी हुनुभएको थियो । जुगल बालविकास केन्द्र सिन्धुपाल्चोककै नमूना बालविकास केन्द्र रहेकोछ भने परियोजनाले सहयोग पुऱ्याएका अन्य विद्यालयहरू र सामुदायिक अध्ययन केन्द्रको बालविकास शिक्षिकाहरूले अवलोकन भ्रमण गरेका थिए ।




*तालिमका सहभागीहरू, जुगल बालकेन्द्र, दुवाचौर, सिन्धुपाल्चोक*

बाल विकासमा खाजाको प्रवन्ध, अन्य व्यवस्थापन, खेल्दै सिकाउने शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगबारे प्रत्यक्ष प्रयोगात्मक हिसाबले सिकाई भएको थियो । दोलखा, रामेछाप र सिन्धुपाल्चोकका अन्य गाविसका बालकेन्द्रहरूका शिक्षिकाहरू तालिम र भ्रमण दुबैबाट ज्यादै खुसी भएर हौसिएका छन् । उनीहरूलाई जुगल बालविकास, ज्योतिभञ्ज्याङ विद्यालय र बालविकास, बालसुधार मावि, दुवाचौर सामुदायिक अध्ययन केन्द्रको भ्रमण र शिक्षक तथा व्यवस्थापन समितिसँग छलफल गराइएको थियो ।

जुगल बाल विकासकी शिक्षिका सुकलक्ष्मी श्रेष्ठ र सुनमाया तामाङले बालबालिकाहरूका आमाहरूको बैठक राखेर बालविकास केन्द्रको व्यवस्थापन लगायतका विषयमा तामिलका सहभागीहरूलाई प्रत्यक्ष रिहर्सल गराएका थिए । स्थानीय कच्चा पदार्थहरूबाट निर्माण गरिएका शैक्षिक र खेलौनाहरू समेत देखाइएको थियो । सहभागीहरूलाई बालविकासका आमाहरूले घरमै राखेका थिए । होमस्टे नाम दिइएको यो बसाइँलाई दुवाचौरमा व्यवस्थित गरिँदै गरिएको कुरा जुगल बालविकास केन्द्रका अध्यक्ष गणेश तामाङले बताउनुभयो । गर्नुपर्ने धेरै रहेछ, अब गएर विद्यालय व्यवस्थापन समितिसँग कुरा राख्दछौं, हाम्रो ठाउँबाट पनि निक्कै हुन सक्दो रहेछ, अब सिको गर्ने भएका छौं, सबैको भनाई थियो । अन्यत्रका बालविकासका राम्रा कुराहरू दुवाचौरमा र दुवाचौरको राम्रो कुरा अन्यत्र साटासाट् गर्दै लैजाने जुन अवसर मिलेको थियो, त्यसका लागि आरआरएन र चाइल्ड नेपाललाई सबैले धन्यबाद दिएका थिए ।

**यस अंकमा**


- सामुदायिक शिक्षा विकासः एक सिंहावलोकनः सामाजिक आर्थिक विकासको आधार समावेशी शिक्षा
- शिक्षामा गुणस्तर वृद्धिबारे एक शिक्षिकाको अनुभव
- सामुदायिक अध्ययन केन्द्रः सफलताका कथाहरू
- बालमैत्री बन्दैछन् विद्यालयहरू
- साथमा परियोजना गतिविधिहरू



सामुदायिक शिक्षा विकासः एक सिंहावलोकन

# सामाजिक आर्थिक विकासको आधार समावेशी शिक्षा

**भानु पराजुली,** कार्यक्रम व्यवस्थापक, आरआरएन

राष्ट्रको उन्नति प्रगतिको आधार त्यस देशका नागरिकले प्राप्त गर्ने शिक्षाको स्तरले निर्धारण गर्दछ। सन् १९९० हुँदै २००० मा विश्व समुदायहरू "सबैका लागि शिक्षा" र "सहस्राब्दी विकास लक्ष्यहरू"का माध्यमबाट सन् २०१५ सम्म विकासका आधारभूत लक्ष्य पूरा गर्ने प्रतिबद्धताका साथ लागि परेका छन् । नेपाल पनि आन्तरिक द्वन्द्व वा अस्थिर राजनीतिका बाबजुद् सहस्राब्दी लक्ष्य हासिल गर्ने उपायका खोजीमा जुटेको छ ।

## शिक्षा विकासको इतिहास

नेपालको सन्दर्भमा आधुनिक शिक्षाको सुरुवात गुरुकुलबाट भएको हो। गुरुको घरमा गएर पढ्ने चलन थियो । त्यो शिक्षा प्राचीन पद्धतिभित्र पर्दथ्यो । वेद, चण्डी, रुद्री, कौमुदी, रघुवंश एवं किराताऱ्जुनीय जस्ता संस्कृतका केही पुस्तक नै गुरुकुल शिक्षाका विषय हुने गर्दथे । काठमाडौंमा संस्कृत पढाइका लागि संस्कृत पाठशाला र संस्कृत कलेज सन् १८७० एवं अङ्ग्रेजी विषयको पढाइको लागि दरबार हाइस्कूल सन् १८९२ मा राणा र दरवारियाका छोराछोरीहरूलाई पढाउने उद्धेश्यले खोलिएको थियो । पछि सन् १९०२ मा सर्वसाधारणका छोराछोरीहरूको लागि अनुमति दिइयो । सन् १९१६ मा त्रिचन्द्र क्याम्पस स्थापना गरेपछि नेपालमा आधुनिक शिक्षा केही गति लिन थालेको हो ।

वि.सं. २००७ सालसम्म आइपुग्दा मुलकभरि प्राथमिक र मिडिल स्कूल गरी ३१०, ११ वटा हाइस्कूल, दुईवटा कलेज, एक साधारण स्कूल र एक टेक्निकल स्कूल मात्रै थिए । त्यसबेला एक प्रतिशत महिला साक्षरता सहित औसत साक्षरता पाँच प्रतिशत मात्र थियो । हजारौं गाउँ र समुदायहरू शिक्षाको उज्यालोबाट बन्चित थिए । सरदर एक सयमा एकजना बालकले स्कूलको मुख देख्दथे । २००७ सालपछि केही आधार स्कूल पनि खुले । सुगम स्थानहरूमा स्कूलहरू खोलिने क्रम सुरु भएको थियो ।

## नीतिगत योजना र व्यवस्था

२०२८ सालदेखि शिक्षा ऐन लागू गर्दै नयाँ शिक्षा योजनाको नामबाट आधुनिक शिक्षालाई व्यवस्थित रूपमा लैजान खोजको पाइन्छ । सुरुमा चितवन र कास्की गरी दुई जिल्लामा लागू गरिएको योजना पाँच वर्ष लगाएर देशभरि विस्तार गरिएको थियो। इतिहासमा यो योजना नै केही हदसम्म शिक्षा विकासको क्रममा व्यवस्थित रहेको मानिन्छ । मागका आधारमा विद्यालयहरूलाई स्वीकृति दिने, शुल्क तोक्ने, पाठ्यक्रम र पाठ्यपुस्तक तोकिएका थिए। देशभर पुस्तकहरू एकै प्रकारका राखियो। शिक्षकको तलब निर्धारण र अनुदान दिने व्यवस्था मिलाइयो। निरीक्षण प्रणाली, शिक्षकलाई तालिम दिनुपर्छ भन्ने सोंचको विकास यही कालदेखि सुरु भएको थियो । आन्तरिक मूल्यांकन र तुलनात्मक रूपमा शिक्षकलाई मर्यादित बनाउन खोजियो । त्यति हुँदा पनि शिक्षण पेसा आकर्षक बन्न सकेको थिएन । देशव्यापी रूपमा शिक्षक आन्दोलित भएर सञ्चयकोष, पेन्सन लगायतका केही सुविधा सरकारबाट लिन सफल भएपछि शिक्षण पेशामा थप अकार्षण बढेको थियो । उच्च र मध्यम स्तरका जनशक्ति उत्पादनमा ध्यान पुग्न थालेको थियो । यसरी नयाँ शिक्षा प्रणाली राजतन्त्रले गरेका केही उल्लेख्य कामभित्र पऱ्यो ।

२०४६ सालको जनआन्दोलपछि बनेको सरकारले नयाँ शिक्षा योजना भनिने पुरानो शिक्षा प्रणालीको अभिभावकत्व ग्रहण गर्न सकेन । योजनाबद्ध रूपमा राजनीतिक परिवर्तनसँग तालमेल हुने गरी शिक्षा विकासको परिस्थितिजन्य परिमार्जन गर्न सकेन । त्यसपछि सरकारी शिक्षा घरको न घाटको बन्न पुग्यो । आर्थिक उदारीकरण तथा निजीकरणको नीतिको परिणामस्वरुप अब शिक्षा वर्गीय बन्न पुग्यो । धनाढ्यहरूले पढ्ने र गरीबहरूले पढ्ने विद्यालयहरू फरक हुन थाले । अहिलेसम्म आईपुग्दा शिक्षामा रहेको वर्गीय खाडलको यो स्वरूप सानोतिनो प्रयासले नपुरिने बनेको छ । राजतन्त्रको उन्मूलन र गणतन्त्रको स्थापनापछि पुरानो सत्ताको विरासतको रूपमा रहेको शिक्षालाई नयाँ ढंगले परिवर्तित सन्दर्भमा परिवर्तन र परिमार्जन गरी नयाँ नेपालको नयाँ शिक्षाको सुरुवात गर्ने एवं विकसित मुलुकको शिक्षासँग दाँज्न मिल्ने र देशको जनशक्ति पूरा गर्नसक्ने शिक्षाको थालनी गर्ने तर्फ ध्यान पुग्न नसकेको पक्कै हो । संचालनमा रहेको वृहत् विद्यालय क्षेत्र सुधार कार्यक्रमले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्दै विपन्न, गरीब र सीमान्तकृत बालबालिकाको शिक्षामा पहुँच बढाउने लगायत समावेशी शिक्षाको लागि पूर्वाधारदेखि गुणस्तर वृद्धि गर्ने कार्यक्रम ल्याएको छ । शिक्षा ऐनको आठौं संशोधनको प्रक्रियामा रहे पनि संसद नभएका कारण अध्यादेश ल्याउने कि नल्याउने मै राज्य रुमलिएको छ ।

## शैक्षिक उपलब्धी र चुनौतीहरू

गत साल (सन् २०११) को जनगणना तथ्यांकले ५ वर्षमाथिको साक्षरता दर ६५ प्रतिशत बढी देखाएको छ । जसमा पुरुष ७५ प्रतिशत र महिला ५७ प्रतिशत रहेको छ । २०१५ सम्ममा सबै नागरिक साक्षर गराउने उद्देश्य रहेकोमा यो गत दशकमा झण्डै पौने ३ खर्ब लगानीको साक्षरता अभियानको उपलब्धी सकारात्मक देखिएको छैन । अझै करिब ३५ प्रतिशत रहेको निरक्षरहरूलाई साक्षर बनाउने लक्ष्य आगामी ३ वर्षमा हासिल हुन नसक्ने देखिएको छ । लैंगिक हिसाबले हेर्दा महिला निरक्षरता बढी रहेको छ । एउटा परिवारमा आमा साक्षर भए मात्र बालबालिकाको शिक्षा, पोषण, हेरचाह, स्वास्थ्य र सामाजिकरणमा ठूलो योगदान पुग्न सक्दछ । अझै विद्यालय बाहिरका बालबालिका पाँच प्रतिशत रहेको अवस्थामा विपन्न र सीमान्तकृत क्षेत्रका बालबालिकाहरूको शिक्षामा पहुँच दिलाउने उद्देश्यले सबैका लागि शिक्षा कार्यक्रम र विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट दाताहरूको सहयोगमा ठूलो लगानी भइरहेको छ । कक्षा एकदेखि नै बालबालिकाहरू विद्यालय छाड्न सुरु गर्दछन् । कक्षा एकमा भर्ना भएका बालबालिकामध्ये प्राथमिक शिक्षा पूरा गर्दासम्म २३ प्रतिशत र माध्यमिक तहसम्म पुग्दा ५२ प्रतिशतले विद्यालय छाडिसक्ने डरलाग्दो अवस्था छ । विद्यालय बाहिर बालबालिका हुने कारणमा मातृभाषा अर्थात् बहुभाषिक सिकाईको कमीको चुनौती पनि कायमै छ ।

## समस्या र सम्भावनाहरू

समतामूलक विकासका लागि समावेशी शिक्षा अपरिहार्य हुन्छ । गुणस्तरीय बाल केन्द्रित योजना, बालमैत्री शिक्षण सिकाई, लैंगिक, वर्गीय, समाजिक र वातावरण अनुकुलको दिगो विकासलाई समावेशी शिक्षाको विकास मानिन्छ । समतामूलक समाजको समावेशी शिक्षालाई क्षेत्रगत विषयहरूमा बैज्ञानिकता र व्यवहारिकताले मापन गर्दछ । आधारभूत साधारण शिक्षा हाम्रा विद्यालयहरूले दिने गर्दछन् । तर स्वास्थ्य, शिक्षा, सरसफाई शिक्षा, कृषि शिक्षा, सूचना र संचार, मानवअधिकार शिक्षा, शान्ति शिक्षा, प्राविधिक शिक्षा, नागरिक शिक्षा, जीविकोपार्जन र सुशासनको लागि सचेतना, जागृति र सिर्जनशीलता बढाउने खालको शिक्षाको विकास अहिलेको माग हो । बच्चैदेखि आफ्नो जन्मेको माटो वुझ्ने र भविष्यमा त्यसमा खेल्दै सामाजिकरण र जीविकोपार्जन गर्न सक्ने शिक्षा चाहिन्छ । त्यसका लागि आफ्नो भाषा, जातजाति, संस्कृति र सामाजिक परिवेश, भौगोलिक पर्यावरण, कृषि जस्ता विषयहरू ग्रामीण नेपालको कृषि प्रधान देशका लागि अपरिहार्य विषयहरू हुन् ।

मुलुकभर ३९१५ गाविस र केही ग्रामीण कृषिको सम्भावना भएका नगरपालिकाका वडाहरूमा गर्दा सरदर ४ हजार उच्च मावि छन् । ती उच्च माविमा कृषि वा सम्भावना भएको प्राविधिक विषयहरू र शिक्षक राख्न सके गाउँको विकासमा सिधै टेवा पुग्दछ । आर्थिक भारको हिसाबले ४-५ हजार प्राविधिक



*बालक्लबद्वारा प्रकाशित भित्ते पत्रिका पढ्दै बालबालिकाहरू*

शिक्षक राख्न ठूलो कुरा होइन । त्यस्तै तिनै ठाउँहरूमा करिब ३६ हजार पाँच सय स्वास्थ्य स्वंसेविका र करिब ३३ हजार प्रारम्भिक बाल विकास केन्द्रका शिक्षिकाहरूको भूमिका राज्यले बुझ्नै सकेको छैन । बाल स्वास्थ्य, पोषण, बालमैत्री शिक्षण सिकाईका लागि यी महिलाहरूको कदर राज्यले यथाशीघ्र गर्न सक्नु पर्दछ । बालबालिकका शान्ति क्षेत्र, बालबालिका भविष्यका कर्णधार र बच्चाहरू कलिलो माटो सरह हुन् भन्ने मर्मलाई मूर्त रूप दिने थलो यिनै हुन् । बाल मनोविज्ञान, बाल मानसिक संवेग, शारीरिक विकास र सामाजिकरण गर्नुपर्ने थलोलाई विकास र संरक्षण गर्न राज्य चुकेको छ । सबभन्दा मर्कामा यिनै स्वंसेविका र शिक्षिका परेका छन् ।

शिक्षामा पहुँच दिलाउने सन्दर्भमा शिक्षाका लागि खाद्य, खाजा तथा लिटो कार्यक्रम पनि नचलेका होइनन् । जसले क्षणिक भएपनि तराईका जिल्लाहरूका विद्यालयहरूमा विद्यार्थीको चाप बढ्न गएर कक्षा कोठाको अपर्याप्तताले बालबालिकाहरू जोखिमपूर्ण अवस्थामा पठनपाठन गर्दछन् । यसको अर्थ हो बालबालिकालाई विद्यालयमा ल्याउनु मात्र ठूलो उपलब्धी नहुने रहेछ, तिनलाई बालमैत्री शिक्षण तथा सिकाई साथै कक्षाको वातावरणले टिकाइरहन सक्नुपर्ने कुरा महत्वपूर्ण हुँदोरहेछ । अवश्य राज्यको नीतिअनुसार विद्यालयहरूलाई समुदायमा हस्तान्तरण गर्ने उद्देश्यभित्र राम्रो मनसाय थियो । स्थानीय स्तरमै समुदायले आफ्नो विद्यालयको शैक्षिक उन्नतिका लागि स्वतन्त्र भएर कार्य गर्न सकून् र स्रोत साधनको उच्चतम उपयोग गर्न सकून भन्ने उद्देश्यभित्र गुणस्तरीय शिक्षाको अभिवृद्धि हुने कुरा लुकेको थियो ।

गुणस्तरीय शिक्षा र विद्यालयको सर्वोत्तम हितका लागि राजनीतिक निर्णय र हस्तक्षेप स्वीकार्य हो । तर कुन हद्को राजनीतिक हस्तक्षेप आवश्यक हो, शिक्षक र अभिभावकहरू सचेत हुनुपर्ने अवस्था छ । समग्र शिक्षामा महिलाको सक्रिय सहभागिताको कमी खड्केको छ । सरकारी र निजी गरी देशमा ३४ हजार विद्यालयहरूमा झण्डै दुई लाख शिक्षकहरू मध्ये २७ प्रतिशत महिला छन् । त्यो पनि प्राथमिक तहमा महिला अनिवार्यले ल्याएको हो । देशैभरि यति राम्रो जनसंख्या विद्यालय शिक्षामा संलग्न छ कि त्यसको राम्रो परिचालन गर्न सके मात्रै पनि गुणस्तरीय शिक्षा सम्भव

## निमाका आँखा र मुहारमा मुस्कान

मेरो नाम निमा ग्याल्मो लामा हो । म चण्डिका मावि बरुवाकी १० कक्षाकी छात्रा हुँ । म विपन्न परिवारकी छोरी हुँ । म विद्यालयमा नियमित हुन्छु, र मेरो लगनशीलताले पढाईमा प्रथम हुने गर्दछु । तर मेरो घरको कमजोर आर्थिक अवस्थाका कारण पर्याप्त मात्रामा शैक्षिक अध्ययनका सामग्री हुँदैनथ्यो । कठिनाईका बाबजुत् पढाई अगाडि बढाएकी थिएँ । जब चाइल्ड नेपालबाट शिक्षामा सहयोग कार्यक्रमले मलाई कक्षा नौदेखि छात्रबृत्ति दियो, मेरो अध्ययनमा सहजता ल्यायो । एकजोर ड्रेस, किताब बोक्ने ब्याग, कापी, डटपेन, ज्यामितीय बक्स, शब्दकोष आदि पाएपछि मेरो क्षमता वृद्धि भएको कुरा मेरा शिक्षकहरू बताउनुहुन्छ । सानै मात्र भए पनि यसले मलाई ठूलो सहयोग मिलेको छ । साँच्चै यसरी मलाई सहयोग पुऱ्याउने संस्थाप्रति म मेरो हृदयदेखि नै धन्यबाद दिन चाहन्छु । अनि म जस्तै गरीब परिवारका अन्य साना कक्षादेखि मेरो कक्षासम्मका साथीहरूले पनि यो छात्रबृत्ति



पाएका छन् । उनीहरूको पनि मेरो जस्तै अवस्था थियो । संस्थाले यस्तो सहयोग सधैं गरिरहे हामी जस्ता गरीव विद्यार्थीहरूलाई धेरै राम्रो हुने थियो ।"

***- निमा ग्याल्मो लामाकक्षा १०, चण्डीका मावि, बरुवा, सिन्धुपाल्चोक***

छ । विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षकहरू र तिनका संघका गरी मुलुकभरि छ लाख बढी जनता क्षिक्षाको विकासमा संलग्न छन् । शिक्षासम्बन्धी सरोकार र योजनामा महिलाहरूको सहभागिता र सक्रियता बढाउनु पर्नेछ । बालिकामैत्री विद्यालय बन्न सकेका छैन हाम्रा विद्यालयहरू । भौतिक र शैक्षिक सुविधाले उक्त विद्यालयले प्रदान गर्ने शिक्षा गुणस्तरीय छ वा छैन भनेर मापन गर्न सकिन्छ । सौचालयकै कारण बालिकाहरू महिनावारी हुँदा विद्यालय नजाने चलन विद्यमान छ । भएका विद्यालय पूर्वाधार र सुविधाहरू अपांगतामैत्री पनि छैनन् ।

### शिक्षाको राष्ट्रिय दृष्टिकोण आवश्यक

प्रत्येक राष्ट्रको शिक्षाको आमूल विकासको लागि राष्ट्रिय दृष्टिकोण, नीति र नीति कार्यान्वयनको संकल्पसहितको सुशासन अपरिहार्य हुन्छ । विगत दुई दशकयता चीन, भियतनाम, क्युबा, रुस र निकारागुवा जस्ता देशहरूले गरेको प्रगतिले राज्यको नेतृत्व तहमा समाजवादी अर्थात् कम्युनिष्ट पार्टीका नेता चाहिने रहेछ भन्ने विश्लेषण नोवेल पुरस्कार विजेता अर्थशास्त्री अमर्त्य सेनले गरेका थिए । उनको यो विश्लेषण यी देशहरूमा विशेषगरी बालबालिका शिक्षा र स्वास्थ्य क्षेत्रमा चालिएका कार्यक्रम र प्रगतिबाट आएको पाइन्छ । तर हाम्रो दुर्भाग्य, नेपालमा भने यस्तो हुन सकेन । २०४६ साल र २०६३ सालका दुई ठूला जनआन्दोलनपछि कैयन पटक सरकारको नेतृत्व समाजवादी र कम्युनिष्ट पार्टीका नेताहरूले गरिसके । अझ संविधानसभाको निर्वाचनपछि त नेपालमा कम्युनिष्ट पार्टीका नेताहरूलाई मात्रै सरकारको नेतृत्व गर्ने अवसर जुरेको छ र पनि उनीहरूको दृष्टि शिक्षा र स्वास्थ्यतर्फ पुग्न अझै सकेको छैन । २१औं सताब्दीको भूमण्डलीकरणको प्रभावले विज्ञान र प्रविधिको विकासमा ठूलो प्रतिस्पर्धा बढेर गएको छ । अविकसित देशहरूमा पनि सूचना र संचारको विकास अन्य क्षेत्रको तुलानामा ह्वात्तै बढेको छ । राजनीति सबै विकासे नीतिहरूको गुरु नीति हो, तर उपयुक्त शिक्षा विकासको राजनीतिभन्दा तीव्र रूपमा विद्यालयमा नितान्त पार्टीगत् राजनीतिक हस्तक्षेप हुनाले विद्यालयहरूको सुशासन, पठनपाठन र सिकाइमा कमी आउने गरेको छ ।

### गुणस्तर वृद्धिका लागि शिक्षक नै अग्रभागमा

शैक्षिक सुधारको प्रमुख जिम्मेवारीमा शिक्षकहरू रहेका हुन्छन् । नेपालको सन्दर्भमा ती आज असन्तुष्ट छन् । राज्यले थरिथरिका शिक्षकहरूको व्यवस्था गरिदिएका कारण उनीहरूको जाँगर मरेको छ । शिक्षण सिकाइमा आफूले जानेको ज्ञान र शिक्षण सीप पनि कक्षा कोठामा हस्तान्तरण गर्न लत्तो छाडेका छन् । एकै तहका शिक्षकका बीचमा पनि तलब र सुविधामा फरकले जाँगर नहुनुको कारण हुनसक्छ । विभिन्न समयका सरकारहरूका कारण अस्थायी शिक्षकहरूको जमात चानचुने छैन, बीस वर्षभन्दा बढी समयदेखि शिक्षकहरू अस्थायी रूपमा कार्यरत छन् । स्थायीले जस्तो पेन्सन, उपदान, सञ्चयकोष र पदोन्नतिको अवसरहरूबाट बन्चित छन् । हालै प्रकाशित जनगणना २०६८ को परिणामले चेतना र जागृतिका हिसाबले ग्रामीण समुदायमा सूचना र संचारले अद्भुत प्रभाव पारेको देखिन्छ, मात्र यो प्रभावलाई सिर्जनशीलतामा लगाइ उत्पादनमूलक कार्य गर्न बाँकी हो । राज्यको नीति र कार्यक्रमहरू त्यस्ता उत्पादनमूलक क्षेत्रमा निदृष्ट गराउन सकियो भने सामाजिक र आर्थिक क्षेत्रको विकासमा फड्को मार्न असम्भव छैन । तर ग्रामीण गरिबीका कारण शिक्षा महँगो बनेको छ । पाठ्यपुस्तक र विद्यालय शिक्षा निःशुल्क भनिए पनि गरीब विपन्नका केटाकेटीहरू एकसरो लुगा, झोला र कापीकलम नभएकै कारण विद्यालयमा आकर्षित हुन सकेका छैनन् । शैक्षिक वर्ष सकिँदासम्म पाठ्यपुस्तक नपुग्ने जिल्लाहरू औंलाभरि हुन्छन् । शिक्षा सर्वसुलभ बनाउने विषय नारामा मात्र सीमित छ । हाम्रा स्थानीय शिक्षकहरूले आवश्यक साधारण विषय मातृभाषा वा वहुभाषामा सिकाउन सके विद्यालय बाहिर रहेका बालबकालिकामा कमी आउने थियो । बालबालिका तथा विद्यालय शान्ति क्षेत्रको अवधारणा अनुरूप आधारभूत तहदेखि नै हाम्रा बालबालिकाहरूलाई प्राविधिक र व्यवहारोपयोगी शिक्षाका लागि माथि उल्लेख गरिएका विद्यालयका समुदायहरूको जनशक्ति परिचालन र व्यवस्थापन अहिलेको अपरिहार्य कार्य हो ।

# शिक्षामा गुणस्तर वृद्धिबारे एक शिक्षिकाको अनुभव



**गंगाकुमारी खत्री**
शिक्षिका, श्री काली देवी मा.वि, ठूलोपातल, राम्बोले, दोलखा

आरआरएनद्वारा संचालित शिक्षा परियोजनाले समेटेका विभिन्न विद्यालय मध्ये भैगोलिक विकटता रहेको गाविस ठूलोपातल स्थित श्री कालीदेवी मा.वि पनि एक हो । तामाङ समुदायको बाहुल्यता रहेको ठूलोपातल अरुको तुलनामा शैक्षिक क्षेत्रमा अत्यन्तै पिछडिएको गाविस हो । यस परियोजना अन्तरगत आरआरएनले शैक्षिक योजना तर्जुमा गोष्ठिदेखि शिक्षकहरूलाई तालिम र विभिन्न विद्यालयको शैक्षिक अवलोकन भ्रमण समेत गराएको छ । यसका साथै विद्यार्थीहरूलाई बाल स्वयमसेवक क्लव गठन गरी बचत गर्ने बानीको सृजना गराएर बाल अनन्त कोष खडा गराईदिएको छ ।

यस परियोजनाले हासिल गरेको उपलब्धीस्वरुप विद्यालय सुधार योजना (एसआईपी) तर्जुदेखि विद्यालयको पञ्चबर्षिय योजना निर्माण गरी कार्यान्वयन गर्न हामी सक्षम भएका छौं । विद्याालय क्षेत्र सुधार कार्यक्रमलाई थप प्रभावकारी रूपमा बुझ्न र लागू गर्न सकिएको छ । बालकेन्द्रित, बालमैत्री शिक्षण सिकाईसम्बन्धी आधारभूत तालिमहरूले बालबालिकाको चौतर्फी विकासका लागि शिक्षकहरूको ज्ञान, सिप र गुणस्तरीय शिक्षण सिकाईको क्षेत्रमा उपलब्धी बढाउन सफल भएका छौं । बालबालिकाको निरन्तर मूल्यांकन पद्धति, बालक्लब परिचालन लगायतका विषयमा विद्यालयमा राम्रो वातावरण तयार भएको छ । सघन शिक्षण सिकाई तालिमले थप ज्ञान प्राप्त भएको छ भने नेतृत्व विकाससम्बन्धी क्षमता अभिबृद्धि भएको छ । विद्यालय प्रशासन संचालनसम्बन्धी थप ज्ञान र स्थानीय स्रोत साधन (जस्तो, भटमास, मकै, सिक्का, पात, धुप आदि)को प्रयोगबाट शैक्षिक सामाग्रीको निर्माण र त्यसको प्रयोग गरी पठनपाठन गर्न थालिएको छ । शिक्षक मार्फत् विद्यार्थी हुँदै अभिभावकसम्म सरसफाई र स्वस्थ्यको चेतना अभिबृद्धिका साथै विद्यालयको वातावरण सफा, सुन्दर र हराभरा राख्ने कार्यमा अझै बढी प्रभावकारी भएको छ ।

यसका साथै हाजिरी लिने पद्दतिमा पनि नयाँ सुरुवात गरिएको छ । रोल नं. अनुसार महिना, बार, फलफूल, तरकारी, वोटविरुको नाम, अञ्चल, जिल्लाको नाम, पालैपालो भन्न लगाउने गरिएको छ । कार्ययोजना बनाई कामकाज बाँडफाड गरिने गरिएको छ ।

शैक्षिक भ्रमणको क्रममा अवलोकन गरिएका सकारात्मक कुराहरू विद्यालयमा लागु गर्ने कार्यको थालनी भएको छ । कक्षाकोठा व्यवस्थापन, आर्थिक स्रोत संकलन, विद्यालय संचालन र स्थानीय शैक्षिक सामग्री छनौटसम्बन्धी नवीन कुराहरूको ज्ञानले पठनपाठनमा पूर्ण सहयोग मिलेको छ ।

यस परियोजना अन्तरगत आरआरएनले प्रदान गरेका तीन कम्प्यूटरहरू र इन्टरनेटले विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न र प्रशासनिक काम गर्न सहज भएको छ । यसबाट विद्यार्थीको शैक्षिक मापन, वैयक्तिक विवरण राख्न र बौद्धिक क्षमता उकास्न सहयोग मिलेको छ । इमेल र इन्टरनेटको प्रयोगबाट शिक्षण विधि र विश्वमा भएका सूचना र संचार विकासको ज्ञान हासिल भएको छ । आजको विज्ञानको युगमा अत्यन्तै नभई नहुने विज्ञानका सामग्री तथा औजरहरूले विषय शिक्षण गर्न शिक्षकलाई सहज भएको छ भने विद्यार्थीहरूले सैद्धान्तिक कुरा प्रयोगात्मक वा व्यवहारिक रूपमै सिक्न सफल भएका छन् ।

पुस्तकालय सहयोगले आयस्तर कमजोर भएका बालबालिकाहरूको वैद्धिक मानसिक क्षमता वृद्धि विकास गर्न र नयाँ नयाँ खोजमूलक ज्ञान दिने पुस्तकहरू पढ्ने बानीको विकास भएको छ । जुन विद्यार्थीहरू गरिब विपन्न छन् , पढ्ने इच्छा हुँदाहुँदै शिक्षाबाट वञ्चित हुन लागेका छन् तिनीहरूलाई स्कूल ब्याग, ड्रेस र कापी, कलम, ज्यामिति वक्स, क्यालकुलेटर आदि सामग्रीहरू छात्रवृत्ति स्वरूप सहयोग गर्नाले पढाईलाई निरन्तरता दिएको छ भने हौसला पनि मिलेको छ ।

अन्त्यमा, आरआरएनले दिएको तालिम, शैक्षिक अवलोकन भ्रमण र शैक्षिक सामाग्रीहरू उपलब्ध गराई शिक्षाको गुणस्तर विकासमा सहयोग गरेकोमा विद्यालय परिवार र मेरो व्यक्तिगत तर्फबाट धन्यबाद छ । यी सहयोगहरूले शिक्षाको गुणस्तर सुधारमा प्रभावकारी मात्र नभएर कोशेढुङ्गा सावित भएको छ भने हाम्रो प्रयासमा ईटा थप्ने काम आरआरएनले गर्‍यो । विद्यार्थीको सिकाई उपलब्धी पनि राम्रो भएको छ । शिक्षण विधिमा पनि पहिलाको तुलनामा शैक्षिक सामाग्रीको प्रयोग बढेर गएको छ । विद्यार्थीहरूको सिकाई क्षमता बढ्नुका साथै कालीदेवि मावि बालमैत्री विद्यालयको रूपमा विद्यालय शान्ति क्षेत्रको मर्म अनुरूप संचालन हुने प्रयासमा लागिरहेको छ ।

# खुसी छन् गाउँले दुवाचौर सामुदायिक अध्ययन केन्द्रबाट




दुवाचौर सामुदायिक अध्ययन केन्द्र सिन्दुपालचोक जिल्लाको दुवाचौर गाविस वडा नं ४ पोखरेमा पर्दछ । गाविसको केन्द्र भागमा रहेको यस सामुदायिक अध्ययन केन्द्रबाट त्यस गाविसका जनताहरूले अहिले पर्याप्त सेवा पाएका छन । समुदायको ब्यबस्थापन र आरआरएन/चाइल्ड नेपाल संस्थाको सहयोगमा नमूनाको रूपमा विकास भएको केन्द्रले गाविसको सूचना केन्द्रको काम गरी सेवा दिइरहेको छ । भवन निर्माणदेखि फर्निचर, पुस्तकालयका लागि सबै प्रकारका किताबहरू, कम्प्युटरहरू, प्रिन्टर र फोटोकपी मेसिनको सहयोगले यो दुईकोठे भनव स्रोत र साधनले भरिपूण बनेको छ । विगत द्धन्द्धको चपेटामा परेको गाविस भवन नहुँदा भाडामा गाविस कार्यालय संचालनमा थियो । अहिले यसै केन्द्रको एक कोठा गाविसले प्रयोगमा ल्याएका कारण सेवाग्राही र सेवा प्रदायकको जफघट यस थलोमा हुने गर्दछ । सामुदायिक कार्यका लागि यहीँ बैठकहरू हुने, इन्टरनेट फोन, इमेल, फोटोकपी सुविधा वापत सेवा शुल्क लिनेदेखि अध्ययन गर्ने किताबहरू रहेकाले गाविसका सबै जनता लाभान्वित भएको कुरा यस सामुदायिक अध्ययन केन्द्रका तथा गाउँ शिक्षा समितिका सदस्य अर्जुन तिवारी बताउँछन् । यो केन्द्र बिहान र अपरान्ह गरी दुई समय खुल्दछ । दिनमा लगभग ६०–७० जना युवा, युवती र गाउँका पाका मानिसहरू अध्ययन गर्न, सूचना पाउने आशाले आउने गर्दछन् । मानिसको राम्रो जमघट हुन्छ र उनीहरूले यो केन्द्रबाट नयाँ नयाँ कुराको जानकारी पाउने गर्दछन । यसले गर्दा गाविस.कार्यालयको लागि पनि सजिलो भएको छ । यस केन्द्रको सामाजिक परिचालक पनि एक दलित परिवारकी शारिरीक अशक्त अपाङ्गता भएकी युवती छिन् । जसलाई चाइल्ड नेपालको सहयोगमा दुईवर्षे कम्प्युटर र सेक्रेटारियल तालिम गराइएको थियो । उनै कविता नेपालीलाई सामुदायिक अध्ययन केन्द्रको ब्यबस्थापन समितिले छनौट गरी गाउँबाटै स्रोत बन्दोवस्त गरी सामाजिक परिचालकका रूपमा राखिएको छ । उनले यस केन्दलाई दैनिक सन्चालन गर्न सक्रिय छिन् । उनीलाई सामाजिक परिचालक राखेर पनि केन्द्रको समितिले राम्रो उदारणीय काम गरेको छ ।

## विदेशिएका युवालाई गाउँको आकर्षणले तानेको छ

**-सोमार तामाङ,** दुवाचौर, गाविस, सिन्धुपाल्चोक

“म यही गाउँको बासिन्दा हुँ । म तीन वर्ष अगाडिदेखि नै साउदीमा बसेर यसै वर्ष आएको हुँ । म फर्किएर आउदा त गाउँमा निकै परिवर्तन भैसकेको पाएँ । त्यस मध्येको यो सामुदायिक अध्ययन केन्द्र पनि एउटा हो । यो सामुदायिक अध्ययन केन्द्रबाट मैले साउदी बस्दादेखि नै सेवा पाएको थिएँ । किनभने मलाई मेरो परिवारसँग यहाँको इन्टरनेट मार्फत् कुरा गर्न पाउँदा धेरै खुसी लागेको थियो । म आफ्नो घर आएपछि नियमित रूपमा यस केन्द्रमा अध्ययन गर्न आउँछु ।

यो सामुदायीक अध्ययन केन्द्रमा विभिन्न किसिमका पुस्तकहरू पढ्न कम्प्युटरमा इन्टरनेटमार्फत् मेरा विदेशमा बस्ने साथीहरूलाई मेल गर्न, च्याट गर्न र नेटबाट आफुले अध्ययन गर्न चाहेको कुरा पाउँछु । अर्को कुरा, यो सामुदायिक अध्ययन केन्द्रको भवन बनिसकेपछि भवनको दुई कोठा मध्ये एक कोठामा गाविस कार्यालय पनि बसेको छ । पहिले गाविसको आफ्नो भवन थिएन, तर अहिले गाविसको सेवा पनि यसै केन्द्रबाट सबैले सेवा पाएका छन् । अहिले फोटोकपी, फ्याक्स समेत यसै सामुदायिक अध्ययन केन्द्रमा भएकोले हामीलाई धेरै सुविधा भएको छ । यो भवनमा कम्प्युटर, इन्टरनेट र पुस्तकहरू राखिदिएर चाइल्ड नेपाल, आरआरएन र युरोपियन युनियन जस्ता सहयोगी संस्थाहरूले हामीलाई र हाम्रो गाउँलाई ठूलो गुन लगाएका छन् ।

# विकासको बाटोमा मिर्गे सामुदायिक अध्ययन केन्द्र

मिर्गे सामुदायिक अध्ययन केन्द्र नेपाल ग्रामीण पुनर्निमाण संस्था (आरआरएन) को सहयोगमा २०६७ सालमा स्थापना भएको हो । गाविसको स्रोत केन्द्रको रूपमा विकास गर्ने उद्देश्य अनुरूप मिर्गे सामुदायिक अध्ययन केन्द्रले पहिलो साधारण सभाले श्री प्रेमकुमार पाखीनको अध्यक्षतामा १५ सदस्यिय मुल समिति र अन्य कृषि, शिक्षा, स्वास्थ्य, बिद्युत लगायतका बिभिन्न १५ वटा उप समितिहरू गठन गरी गाविसको समग्र विकासका लागि नयाँ कार्यको थालनी गरेको कुरा केन्द्रका अध्यक्ष प्रेमकुमार पाखीनले बताउनुभयो । यस अध्ययन केन्द्रका मूल समिति र उप-समितिहरू समावेशी र समानुपातिक रहेको अध्यक्ष पाखीनले बताउनुभयो ।

हाल समुदायको अगुवाईमा सामुदायिक भवन निर्माण भएको छ । जसलाई आरआरएन, गाविसको आर्थिक सहयोग र समुदायको जनश्रमदान जुटेको कुरा पाखीन बताउनुहुन्छ । यस केन्द्रको कार्यालय संचालन र व्यवस्थापकीय क्षमता बढाउन आरआरएनले थप सहयोग जुटाईदियो । तीनवटा कम्प्युटर, प्रिन्टर र इटरनेटको सुविधा, पुस्तकालयका लागि व्यवहारिक ज्ञान दिने पुस्तकहरू, कार्पेट, कुसन, चकटी र फर्निचरहरूको सहयोगले यो केन्द्र गाविसको स्रोत केन्द्र र साझा चौतारी बनेको छ । केन्द्रको बैठक कोठामा विभिन्न संघसस्था, समुदाय एवं व्यक्तिहरूको भेटघाट गर्ने बैठक, गोष्ठि, विभिन्न छलफलहरू दैनिकजसो भइरहेको छ । गाउँलेहरूको केन्द्रमा गई पुस्तकहरू अध्ययन गर्ने बानी बसेको छ। कम्युटर सिक्ने, इन्टरनेट प्रयोगकर्ता उल्लेख्य रूपमा बृद्धि भएको छ । विश्वलाई नजिक ल्याउने प्रविधिको विकास भएकोमा समुदायले खुसी व्यक्त गरेको कुरा बताउनुहुन्छ अध्यक्ष पाखीन ।

केन्द्रलाई साझा चौतारीको रूपमा विकास गरी सम्पूर्ण गाविसको विकासको लागि शिक्षा, कृषि, विकास निर्माण, शान्ति अभियानका लागि बालबालिका, महिला, युवाहरूलाई परिचालन, साक्षरता कक्षा संचालन गर्नेजस्ता कार्य अहिले अध्ययन केन्द्रले गरिरहेको छ । केन्द्रले तीनवटा प्रौढ साक्षरता कक्षा संचालन गर्नुको साथै तीनवटा महिला समूह बनाएर उनीहरूलाई सशक्तिकरण गर्नको लागि आयआर्जनका कामहरू गरिरहेको छ । पिछडिएका दलित, जनजाती एवं अन्य महिलाहरूलाई सूचनाको पहुँच पुराउनको लागि र उनीहरूलाई सशक्तिकरण गरी क्षमता विकास गर्नको लागि बिभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ। यसैगरी उच्च मा.वि. मा अध्ययनरत तथा १२ कक्षा अध्ययन युवतीहरूलाई लक्षित गरी गाविसको सहयोगमा हाल अध्ययन केन्द्रले तीन दलित, १३ जना जनजाति सहित २८ जना महिलाहरूलाई दुई महिने आधारभूत कम्प्युटर तालिम प्रदान गरेको छ । छ जनाको समूह बनाएर विहान ९ बजे देखि ५ बजेसम्म लगातार संचालन हुने गरेको छ । आफुले तालिममा सिकेका



## पशु स्वास्थ्य सेवा तालिमले ल्याएको परिवर्तन

तालिमले मानिसलाई परिवर्तन गर्छ भन्ने उदारहण बनेकी छिन् गैरीमुदी गाविस वडा न. ६ बस्ने पम्फादेवी वि.क. । आरआरएनले पशु स्वास्थ्य सेवा तालिम दिएपछि गाउँ घरका पशुहरूमा लाग्ने रोगहरूको उपचार गर्न थालेकि छ । गाउँ घरमा सबैका सामु **पशु डाक्टर** भन्ने उपमा पाएको छ । हालसम्म खसी पार्ने, भ्याक्सीन दिने , सिङ काट्ने, बाह्य परजीवी नियन्त्रण, नाम्लेको उपचार, ज्वरो, भ्यागुते, खोरेत, जस्ता रोगको उपचार गरेको छ । आफुले उपचार गर्न नसक्ने रोगको बारेमा जिरी प्राविधिक शिक्षालयका सरहरूसँग फोनबाट छलफल गरेर पनि उपचार गर्ने गरेकी छ ।

यस तालिमले मलाई आत्मनिर्भर साथै जीविकोपार्जनको बाटोमा अग्रसर गराएको छ। साथै घर परिवार र समाजको प्यारो सदस्य बन्न सकेकि छु । यसको लागि आरआरएन दोलखालाई धन्यवाद दिन चाहन्छु । सदरमुकाम चरिकोट टाढा भएको हुनाले औषधी लिनको लागि समस्या परेको हुनाले आरआरएन दोलखाले औषधी पसल राख्नको लागि सहयोग गरिदिने अपेक्षा गरेकी छु

ज्ञान र सिपलाई गाउँमा नै बसेर गाउँको विकासको लागि प्रयोग गर्ने र अझै कुनै संघसंस्थाले सहयोग गरेमा माथिल्लो तहको कम्प्युटर तालिम पनि यसरी नै गाउँमा नै संचालन गर्ने सोंच रहेको कुरा बिनोज पाखीनले बताउनुभयो । तालिम प्राप्त गरेपछि स्थनीय सहकारी संस्था, समूह तथा अन्य स्थानीय संघसंस्थाहरूमा रोजगारी पाउने सम्भावना बढेको कुरा समेत सहभागीहरूले व्यक्त गरेका छन् ।

# बालमैत्री विद्यालयको रूपमा विकास हुँदैछ तेर्से मावि



तेर्से माध्यामिक विद्यालय तालामाराङ्ग बजारमा पर्दछ । यो विद्यालय मेलम्ची खनेपानी आयोजनाको मुहान मेलम्ची नदीको सिरान तिम्बु, अम्वाथान जाने सडकको किनारामा पर्दछ । यस विद्यालयमा ५७६ जना विद्यार्थिहरू अध्ययनरत छन् । ५२ प्रतिशत बालिका रहेको यस विद्यालय गुणस्तरीय बालमैत्री शिक्षालयको रूपमा विकसित हुँदैछ । नमूना लायक बनाउने उद्देश्यबाट विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनले आफ्नो विद्यालय सुधार योजनाभित्र शिक्षामा गुणस्तरीयता विकास गर्ने भन्ने कार्यक्रम पनि राखेको छ । विद्यालय समिति र शिक्षक एकता र विद्यार्थीहरूको बाल क्लबको सक्रियता उत्तिकै राम्रो छ ।

विगत ३ वर्ष अगाडिसम्म विद्यालयको भौतिक पूर्वाधार र संरचना जिल्ला शिक्षा कार्यालय, टिम नेपाल लगायतका गैरसरकारी संस्थाहरूको सहयोगमा बनेको थियो । तर विद्यालयमा बालमैत्री शिक्षण पद्धतिको विकास कसरी गराउने भन्ने सोंचमा विद्यालय थियो । पूर्वाधारले मात्र विद्यार्थीहरूलाई टिकाउन नसक्ने र गुणस्तरीय शिक्षा उपलब्ध नहुने रहेछ । सन् २०१० मा युरोपियन यूनियनको सहयोगमा आरआरएन र चाइल्ड नेपालको वालवालिकाहरूका लागि शिक्षामा सहयोग कार्यक्रमले यो विद्यालय पनि छनौट गऱ्यो । उक्त शिक्षा कार्यक्रमबाट यस विद्यालयमा तीनवटा कम्प्युटर, बालमैत्री सफ्टवेर सिडी, विज्ञान प्रयोगका सामग्रीहरू, बालमैत्री पुस्तकालय, र शिक्षकहरूका लागि बालमैत्री सिकाई सम्बन्धी विभिन्न चरणमा तालिम र छात्रवृत्ति समेत दिने काम भएको छ । यसका साथै पूर्व बालविकास कक्षाको नमूना लायक व्यवस्थापनमा समेत सहयोग गरेको छ । यी सहयोगहरूले तेर्से मावि बालमैत्री विद्यालय नमूनाको रूपमा विकास गर्दै गएको छ ।

## बालमैत्री कक्षा अवलोकन गर्न वरिपरिका अन्य विद्यालयहरू पनि आउने गर्छन्

**- जितराज थापा,** प्रअ तेर्से मावि

संस्थाबाट प्राप्त तालीमका ती सीप, ज्ञान र प्रविधिलाई हामीले सबै शिक्षकहरू माँझ पुऱ्यायौं । जसले गर्दा सवै शिक्षकहरूको क्षमता विकास भई उत्साह थपियो । अहिले हाम्रो विद्यालयमा /६' मार्फत् यस कार्यक्रमबाट दिएको बालमैत्री शिक्षण सिकाइको सफ्टवेर प्रयोग गरी पढाउछौं । जसले गर्दा विद्यार्थीहरू अत्यन्त खुसी छन् । त्यसै प्रेरणाबाट अहिले हामीले कक्षा ९ को लागि अनिवार्य कम्प्युटर कक्षा पनि राखेका छौं । हाम्रो विद्यालयको बालविकास केन्द्र र विद्यालयको बालमैत्री कक्षा अवलोकन गर्न वरिपरिका अन्य विद्यालयहरू पनि आउने गर्छन् । यसले हामीलाई थप उत्साह र सन्तुष्टिको साथै प्रेरणा समेत मिलेको छ । यस्को प्रेरणा श्रोत भनेको सिमान्तकृत र पिछडिएका बालबालिकाका लागि शिक्षामा सहयोग कार्यक्रम, आरआरएन र चाइल्ड नेपाललाई जान्छ ।

## सीप पाएर उन्नति गर्दैछन् प्रकाश



रामेछाप फुलासी गाविस-७ का १९ वर्षीय प्रकाश घिसिङको जीवनमा हाउस विल्डिङ अर्थात् विजुली मर्मतसम्भारको तालिमपछि परिवर्तन आएको छ । गरिबीका कारण कक्षा १० को पढाइलाई सम्पन्न गर्न सकेका थिएनन् । ६ जना परिवारका उनीले आरआरएनको शिक्षा कार्यक्रम अन्तर्गत सिनर्जी नेपालद्वारा आयोजित ४५ दिने तालिम पाएका थिए । शिक्षा कार्यक्रम संचालनको समयमा ठूला उमेर समूहका विद्यालय शिक्षालाई निरन्तरता दिन नसकेका युवाको खोजीमा आरआरएनका कर्मचारीसँग उनको जम्काभेट भएको थियो ।

फुलासी र आसपासका गाविसमा बिजुलीका पोल गाडिएका थिए तर विजुली जडान भने भएको थिएन । यस्तैमा हाउस वाइरिङ नै भावी दिनको सम्भावना भएको सेवा ठानी उनीले आरआरएनमा आवेदन दिएका थिए, तालिमको लागि । गाउँमा कोही पनि यो पेसा वा सीप सिकेका थिएनन् । तालिम पाएर फर्केपछि उनीले काठमाण्डौ र मन्थलीबाट विजुलीसम्बन्धी सामग्री ल्याउने बेच्ने र हाउस वाइरिङको काम थाले । उनले सम्झन्छन्, सुरुमा ६० हजारको सामान ल्याएर बेच्ने र गाउँलेको घरमा विजुली मिटर राखिदिने, वाइरिङ गरिदिने गर्दा ८० हजार पारे । जसबाट उनीलाई सुरुकै एक डेढ महिनामा २० हजार आम्दानी भयो । अनि उनी हौसिएर गाउँलेको मन जित्न थाले । सानोतिनो बल्ब जलेमा, कनेक्सन जुडिएमा सित्तैमा पनि गर्दिन थाले । हाल गाउँमा काम गरे वापत महिनाको ८ देखि १० हजार कमाई हुने कुरा बताउँछन् भने उनको भविश्यमा एक हाउस वाइरिङ पसल थापेर सामान बेच्ने र अरु गाउँले युवाहरूलाई सिकाउने विचार पनि लिएका छन् ।

# बालमैत्री बनेका छन् बालविकास केन्द्रहरू

करिब तीन वर्षदेखि बालकक्षाका शिक्षिकाहरूलाई विभिन्न चरणमा तालिम, खेलौना, शैक्षिक सामग्रहरू र स्थानीय सामग्रीहरूको प्रयोग आदिले तीन जिल्लाका ३०वटा प्रारम्भिक बालकिास केन्द्रहरू हिजोआज बालमैत्री बनेका छन् । माझगाउँ दोलखाको बाल विकास केन्द्र बालबालिकाको मनोविज्ञानलाई बुझेर बालमैत्री वातावरणमा बालबालिकाहरूलाई शिक्षा दिने उदारहण बनेको छ भन्नुहुन्छ प्रअ रामशरहण घिमिरे । छुट्टै कक्षाकोठाको व्यवस्थापन शैक्षिक सामाग्री, खेलकुद सामाग्रीहरूको प्रयोग र सजावटले बालबालिका आफ्नो चाहाना र दक्षता भन्न र गर्न सक्ने भएका छन् । साथै अभिभावक, सहजकर्ता, शिक्षकहरूलाई मायालु वातावरणमा मनोवैज्ञानिक बिधिद्धारा सिकाई प्रक्रिया संचालन गर्न आवश्यक छ भन्ने कुराको बोध गराएको छ भन्ने विचार राख्नु हुन्छ नारायाणी उ.मा.वि.का प्राचार्य यज्ञ बहादुर खत्री ।

बालबालिकाहरू धेरै जिज्ञासु हुँदारहेछन् । बालविकास केन्द्रमा प्रवेश गर्नसाथ मलाई विविध किसिमका प्रश्नहरूका बारेमा सोधी राखेका हुन्थे तर म उनीहरूलाई गाली गरेर डर देखाउथेँ तर अहिले आरआरएनको सहयोगमा बालविकास केन्द्र संचालन सम्बन्धि प्रेरणमुलक तालिम पाएपछि म उनीहरूसँगै रमाउने उनीहरूको प्रश्न र भावानामा आफ्ना भावानाहरू साटासाट गर्ने कुनै पनि किसिमको बाध्यता नपार्ने, नृत्य, संगीत, कथा, खेलकुल, र सफा कक्षा कोठाका साथै शैक्षिक सामाग्रीको प्रयोगबाट अध्ययन गराउने गरेकी छु । यस विधिले बालबालिकाहरूमा बौद्धिक साथै सिर्जनात्मक ज्ञानको विकास भएको



अनुभव मैले गरेको छु भन्नुहुन्छ जनप्रभात बालविकास केन्द्रकी सहजकर्ता सर्मिला कार्की ।

त्यस्तै तेस्रे माविकी चाँदनी तामाङ, जुगल सामुदायिक बालविकासकी सुकलक्ष्मी श्रेष्ठ, चण्डिका माविकी शर्मिला सिलवाल सिन्धुपाल्चोक लगायत काकलिङ उमाविकी सविना योन्जन कालीदेवि उमावि, सुमित्रा वल देविप्रावि, सरिता तामाङ बौद्ध प्रावि रामेछापका बालविकास केन्द्रका शिक्षिकाहरूको भनाई पनि उस्तै रहेको छ । बालबालिकाहरूको मस्तिष्क र मानसिक संवेग र मनोविज्ञान बुझेर खेलौना र शैक्षिक सामग्रहरूको प्रयोगले बाल विकास, सहभागिता र सिकाईमा क्षमता वृद्धि हुने कुरा पायौं ।

## बालविकास मेला

गत बैसाख १६ मा सिन्धुपाल्चोकको खाडीचौरमा बालविकास केन्द्रको मेला लाग्यो । बालविकास केन्द्र र ३देखि ५ वर्ष उमेर समूहका कलिला बालबालिकाहरूको शिक्षण सिकाई, बालमैत्री कक्षा, सामग्रीहरूको निर्माण तथा प्रयोग आदि बारे वृहत जानकारी दिने उद्धेश्यले यो कार्यक्रम आयोजना गरिएको थियो । जिल्ला शिक्षा कार्यालय सिन्धुपाल्चोक, आरआरएन, चाइल्ड नेपाल र अन्य गैरसरकारी संघसंस्थाहरूको सयुक्त सहयोगमा एक दिने बालविकास दिवस मनाइयो । कार्यक्रम खाडीचौरस्थित बालविकास निम्न माध्यमिक विद्यालयको प्रंगणमा विभिन्न स्टलहरूमार्फत सूचना र चेतना दिइएको थियो । जिल्लाभरि २७० बालबिकास केन्द्रहरू संचालनमा छन् । सबभन्दा राम्रो व्यवस्थापन भएका बालविकास केन्द्रहरूको प्रदर्शनी गरिएको थियो । कार्यक्रममा शिक्षा मन्त्री लिला भण्डारी प्रमुख अतिथि हुनुहुन्थ्यो भने अन्य अतिथिमा शिक्षा विभागकी बालविकास केन्द्र हेर्ने श्रीमति राज्य लक्ष्मी नकर्मी, जिसिअ गेहनाथ गौतम आदि हुनुहुन्थ्यो । घर बलियो जगले देश बलियो बालबालिकाले भन्ने मुल नाराका साथ बालबिकास मेला सम्पन्न भएको थियो । यो कार्यक्रमले बालमैत्री शिक्षण सिकाई, कक्षा कोठा व्यवस्थापन, बालमैत्री विद्यालय, सरसफाई, खेल सामग्री, शैक्षिक सामग्री र स्थानीय स्रोत र साधनबाट पनि बालमैत्री शैक्षिक तथा खेल सामग्रीहरू निर्माण हुन सक्ने र तीनको प्रयोग र उपयोगले बालबालिकाको संवेगात्मक, मानसिक, शैक्षिक , सामाजिक र भौतिक विकासमा ठुलो टेवा पुग्ने कुरा दर्साइएको थियो । यस मेलाको अवलोकन वरपरका



१५ सय बढी विद्यालय, अभिभावक र शिक्षकहरूले गरेका थिए । शिक्षाको विकासमा सरकारी र गैर सरकारी क्षेत्रका संघसंस्था मिलेर लाग्न सके गुणस्तरीय शिक्षा, बालमैत्री शिक्षाको उपलब्धी बढ्न सक्ने कुरा राज्य मन्त्रीले राख्नु भएको थियो ।

# भेटनरी तालिमले भारती विदेश गएनन्



दुवाचौर गाविस वार्ड नं ८का २१ वर्षे केशरीनाथ भारती पशु औषधी सहित कृषिका विऊविजनका सामग्रीहरूको पसलमा व्यस्त देखिन्छन । घर नजिकैको पोखरे वजारको आफ्नै पसलमा दुई वर्षअघि गाउँमा मेलापातमा व्यस्त हुने उनकी साधारण साक्षार श्रीमती अन्नको विऊ, विभिन्न पशु औषधीका सामग्रीहरू लगायत शुद्ध मासु, चनाचटपटे समेत बेचविखनमा हात पटाउँछिन् । कक्षा ७ सम्मको अध्ययन गरेका उनी गरिबीको कारणले विद्यालय छोडेका थिए । भारती घरमा कुखुरा र बाखा पालेर जीवन विताई रहेका थिए । आम्दानी खास थिएन, खानलाउन धौ धौ थिया, यत्तिकै बस्नुभन्दा विदेश जाने विचार गरिरहेको थिएँ भारती बताउछन् । चाइल्ड नेपालले बेरोजगार युवाहरूको लागि भेटनरी तालीम दिने रे भन्ने हल्ला गाउँमा थाहा पएपछि निवेदन दिए । त्यसपछि छनिएर तालीम लिन दोलखाको जिरी प्राविधिक केन्द्र पुगेका उनी एक सफल सहभागी भएर फर्किए ।

३५ दिने भेटनरी तालीमबाट फर्केपछि जिल्ला पशुशेवा कार्यलयबाट अनुमति पत्र लिएर आफ्नै गाउँमा पसल खोले । सुरुमा रु ४०,००० लगानी लगाएर पसल गरेका भारतीले मासिक रु ६-७ हजार भेटनरी पसलबाट मात्र आम्दानी हुने गरेको बताउछन् । भारती तालीम लिएर फर्केपछि गाउँमा भैसी, बाखा र गाईहरूलाई बच्चा जन्माउने बेलामा भेटनरी जाँच र औषधीमुलो गर्दछन् । सानोतिनो पशुजाँचको उनले गाउँलेसँग शुल्क पनि लिँदैनन् । भेटनरी, कृषिका विऊविजन सहित गाउँको बजारमा विक्रि हुने खाजा, मःम, चाउचाउ, चटपटे, पेयपदार्थ समेत राखेका उनको पसलबाट मासिक रु. १५ देखि २० हजारसम्म आम्दानी हुने बनाउछन् । खेती लगाउने मौषममा दैनिक तिनहजार सम्म पनि बिक्रि गरेको भारती बताउछन् ।

भारती भन्छन “आफ्नै देशमा बसेर १५,२० हजार महिनामा कमाउन सकिन्छ भने किन बिदेश जानु परो” नेपालमा आफनो परिवारसँग बसेर काम गर्न सकिन्छ । उनकी श्रीमतीले चाइल्ड नेपाललाई धन्याबाद दिदै भन्छिन् धन्न यो तालीमले गर्दा मेरो श्रीमान आज मसँग हुनुहुन्छ ।

# जिल्लास्तरीय शिक्षा सरोकार समिति र भूमिका




दोलखा जिल्लामा शिक्षाको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था र जिल्ला शिक्षा कार्यालय सम्मिलित जिल्लास्तरीय शिक्षा सरोकार समन्वय समिति गठन भएको छ । यसले महिनाको एक पटक नियमित रुपमा बैठक बसी विभिन्न संघसंस्थाले संचालन गरेको कार्यक्रमको वस्तुनिष्ठ ढङ्गले समिक्षा र आगामि महिनाको कार्य योजनाबारे छलफल गर्ने गर्दछ । यसका अतिरिक्त आवश्यकता अनुसार बैठक बसी सरकारी तथा गैससहरूका नीति कार्याक्रम, कार्य योजना बारे छलफल गरी कार्यान्वयनमा सहजता ल्याउने गरेको छ । साथै विभिन्न संघ संस्थाले संचालन गरेका मिल्दा जुल्दा कार्यक्रमहरूलाई एकीकृत गरी साझेदारीमा संचालन गर्ने गरिएको छ । जिल्ला शिक्षा कार्यालयको संरक्षकत्वमा बालबालिका र शिक्षामा कार्यरत सरकारी र गैससको शिक्षा सरोकार समितिको संयोजक आरआरएनले गर्दै आएको छ । विद्यालयको पाठयक्रम अनुगमनको लागि गठन भएको पाठयक्रम अनुगमन समिति गैससको प्रतिनिधिमा आरआरएन सदस्य रहेको छ । यो महत्वपुर्ण जिम्मेवारीका साथै जिल्लास्तरीय विविध गोष्ठि, कार्यक्रम, अन्तरकिया, जिल्ला परिषद, गाउँ परिषद लगायत विविध किसिमका कार्यक्रमहरूमा आरआरएनले महत्वपुर्ण भुमिका निवार्ह गर्दै आएको छ । सरोकारवाला निकाय, राजनीतिक पार्टी, प्रतिनीधि, जिल्ला स्तरीय कार्यालयहरूसँग समधुर सम्बन्ध कायम गरी अगुवा विकासे संस्थाको बाटोमा अग्रसर भइरहेको छ । शिक्षा सम्बन्धी गतिविधिहरू स्थानीय एफएमका समाचार बन्ने गरेका छन् । शिक्षाका प्रकाशनहरू सरकारी , विद्यालय, स्रोत केन्द्रका प्रकाशनहरूमा प्रकाशित भएका छन् । विद्यार्थी भर्ना अभियानमा सबै लागेका कारण विद्यालय बाहिरका बालबालिकामा उल्लेख्य कमी आएको छ भने गुणस्तरीय शिक्षा, बालबालिका तथा विद्यालय शान्ति क्षेत्र जस्ता राष्टिय अभियानहरूमा यो सरोकार समितिले ठुलो योगदान पुराएको जिल्ला शिक्षा अधिकारी बताउनुहुन्छ ।

*- उत्तम कट्वाल, आरआरएन दोलखा*

# परियोजना गतिविधिहरू

## छात्रवृत्ति कार्यक्रम



तीनैवटा जिल्ला (दोलखा, रामेछाप र सिन्धुपाल्चोक)का कार्यक्रम संचालन भएका गाविसहरूबाट छनौट भएका ४५ विद्यालयहरूबट गाउँ शिक्षा समिति, र विद्यालय व्यवस्थापन समिति र शिक्षक मार्फत पहिचान भइ आएका गरिब तथा जोखिममा परेका १२०० बालबालिकाहरूलाई छात्रवृत्ति स्वरुप झोला, विद्यालय ड्रेस कपडा र शैक्षिक सामग्री वितरण गरिएको छ । जसबाट ७६५ बालिकाहरू, ४७ दलित र ८७५ जनजातिका बालिबालिका लाभान्वित भएका छन् ।

## प्रारम्भिक बालविकास केन्द्रहरू

३देखि५ वर्ष उमेर समुहका बालबालिकको चौतर्फी विकास र शिक्षाका लागि सामुदायिक विद्यालयमा आधारित प्रारम्भिक बालबिकास केन्द्रहरूलाई सहयोग गर्ने परियोजनको कृयाकलाप अन्तर्गत ३० वटा बालविकास केन्द्रहरूलाई एकिकृत सहयोग भएको छ । जसमा कार्पेट, खेल्ने सामग्री, टिफिन वक्स, भाडाकुडा, र शैक्षिक सामग्रीहरू गरी बालकेन्द्रका ६० जना महिला सहजकर्ताहरूलाई बालमैत्री र बाल विकासका आयाम विषयक तालिम दुई चरणमा दिइएको थियो । एक चरणमा तनि जिल्लाका शिक्षिका गरी ३० जनालाई पुनर्ताजकी तीलम र नमुना बालविकास केन्द्र र विद्यालयहरूको भ्रमण हालै सिन्धुपाल्चोकको दुवाचौर गाविसमा गराइएको छ ।

## अनौपचारिक शिक्षा

यसवर्ष विद्यालय छाडेर गाउँ समुदायमै बसेका र सिकाई क्षमतामा कमी भएका बालबालिककाहरूको पहिचान गरी तीन जिल्लाका २१ केन्द्रहरूबाट जम्मा ४६५ ( २९५ बालिका) जना विभिन्न उमेर समुहका केटाकेटीहरूलाई पुन विद्यालय फर्काउन अभिप्रेरित गर्ने कार्य भएको छ । कक्षा सन्चालन पुर्व सहजकर्ता शिक्षकहरूलाई अभिमुखिकरण तालिम मेलम्चीमा दिइएको थियो । यसरी अनौपचारिक कक्षाबाट विद्यालय बाहिरका र नियमित रुपमा विद्यालय नजाने बालबालिकाहरूको नियमितता बढेको छ भने विद्यालय बाहिरका केटाकेटी ५० प्रतिशत विद्यालयमा पुनर्भर्ना भएका छन् भने केहीले आयमूलक तालिमका लागि छनौट भएर तालिम समेत पाएका छन् ।

## शिक्षकहरूलाई पुनर्ताजकी तालिम




विद्यालयहरूका शिक्षकहरूलाई बालकेन्द्रीत, बालमैत्री शिक्षण सिकाई तथा सघन विद्यालय व्यवस्थापन र कक्षाकोठा व्यवस्थापन र बालबालिका शान्ति क्षेत्र र संरणण, विद्यालय शान्ति क्षेत्र लगायतका विषयमा तिन वटै जिल्लाका ३० भन्दाबढी विद्यालयहरूका ५२ जना महिला समित १८७ जना शिक्षकहरूलाई पुनर्ताजकी तालिम २०६९ श्रवण र भाद्र महिनामा दिइएको थियो ।

## आयमूलक सीप तालिम

गाउँगाउँमा मोवाइल फोनले गर्दा विद्यालय छाडेका र ठुला उमेर समुहका युवाहरूले मोवाइल मर्मत्सम्भारको तीन महिने तालिम तीन वटै जिल्लाका १ महिला सहित १५ जनालाई परियोजनाको सहयोगमा सुशान पोलिटेक्निकल इन्स्टिच्युट प्रालि धुम्बराइ, काठमाण्डौले दिइरहेको छ ।

## विद्यालय समुदायका पदाधिकारीहरूलाई अध्ययन भ्रमण



नमुना विद्यालयहरूले बालमैत्री गुणस्तरीय शिक्षा दिइरहेको सिकाईलाई अवलम्बन गर्नका लागि तीन जिल्लाका ३० भन्दा बढी विद्यालयहरूका व्वस्थापन समितिका पदाधिकारी, शिक्षक, गाशिसका पदाधिकारी, बाल क्लबका सदस्यहरूको संयुक्त टोलीले कास्की, गोर्खा, धादिङ, काठमाण्डौ, ललितपुर, काभ्रे र सिन्धुपाल्चोकका नमुना विद्यालयहरूको अध्ययन भ्रमण गरेका थिए । एक जिल्लाबाट एक टोलीको दरले तीन चरणमा भएको यी भ्रमणहरूमा १७ महिला सहित ९७ जना सहभागि भएका थिए । सिन्धुपाल्चोकबाट जिल्ला शिक्षा अधिकारी गेहनाथ गौतम समेतले अध्ययन भ्रमणमा रुची देखाएर भाग लिनुभएको थियो । भ्रमण संयोजन गर्ने चाइल्ड नेपालका रत्न उप्रेतीले भ्रमण गुणस्तरीय शिक्षा अभिवृद्धि गर्ने अभियानकै रुपमा शिक्षक, समितिका पदाधिकारीहरूसँग जिशिअको सहभागितामा व्यवापक छलफल गर्दै भएको बताए ।

## गाउँ शिक्षा समितिहरूद्धारा अनुगमन

गुणस्तरीय शिक्षाका लागि विभिन्न चरणमा सहभागितात्मक रुपमा अनुगमन गर्ने कार्य भइरहेको छ । जस अन्तरगत १५ गाउँ शिक्षा समितिका पदाधिकारीहरू, विद्यालय शिक्षकहरू, व्यवस्थापन समितिका सदस्यहरू, अध्ययन केन्द्रका पदाधिकारीहरूको सहभागिता हुने गरेको छ । बालकेन्द्रीत योजना,

बालमैत्री विद्यालय, बिद्यालय शान्ति क्षेत्र लागयत गुणस्तर वृद्धिका लागि शिक्षक, अभिभावक र समतिका पदाधिकारीहरूको समन्वय र सहकार्यबारे व्यापक छलफल हुने गर्दछ ।

## विद्यालय तथा बालक्लबहरूका अतिरिक्त गतिविधि

शिक्षा कार्यक्रमअन्तरगत गाउँ शिक्षा समिति, बाल क्लबहरू र विद्यालयहरूको संयोजनमा बालबालिकाहरूका लागि विविध अतिरिक्त क्रियाकलापहरू हुने गरेका छन् । शान्ति र विकासका लागि शिक्षा, गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय, विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन् जस्ता नाराहरूसहित भलिबल प्रतियोगिता, निबन्ध, वक्तित्वकला, सांस्कृतिक नाच र गान, स्वास्थ्य शिविर र सरसफाई अभियान, बालविकास मेला आदि बाल क्लबहरूलाई परिचालन गरी संचालन गरिँदै आएको छ ।

## गाउँमा डाक्टर आउनाले जचाउन पाइयो



थाङपालधाप उच्च माविको प्राङगणमा गतसाल २०६८को माघ १९ र २० गते एउटा छुट्टै रौनकता छाएको थियो । कोही स्वस्थ्य परिक्षण गराउनमा ब्यस्त देखिन्थे भने कोही औषधी लिँदै त कोही डक्टर र स्वास्थ्य कार्यकर्ताहरूका सल्लाह लिएर रमाइरहेका थिए । अधिकांश युवाहरू गीत र नृत्य प्रतियोगिता हेरेर रमाइरहेका थिए । कोही भद्रभलादमीहरू भन्दैथिए आहा !! सबै एकै ठाउँमा कस्तो राम्रो स्वास्थ्य जचाँउन पनि पाइने नाँचगान हेर्दै रमाउन पनि पाइने ।

"गाउँमै डाक्टर आउनाले मैले पनि बुढेसकालमा जचाउन पाएँ" ८७ बर्षीय वाइबा थारका बृद्धले भन्दै थिए । बृद्ध भन्छन "यो शिविरले हामी जस्ता बुढाबुढीलाई सजिलो भयो । घरैमा बसीबसी डाक्टरको मुख देख्यो ।"

सिन्धुमिलन केन्द्रको आयोजना र आरआरएन/चाइल्ड नेपाल एवं स्तुपा सामुदायिक अस्पतालको सहयोगमा सञ्चालन गरिएको स्वस्थ्य शिविरलगायत गीत, नृत्य प्रतियोगिताले मानिसहरूलाई एकैसाथ स्वस्थ्य सेवा र शान्तिको सन्देश दिएको शिक्षक देवी चापागाई भन्नुहुन्छ ।

कार्यक्रमका प्रमुख अतिथि पूर्व राजदुत डा. गणेश योञ्जनका विचारमा पनि यो कार्यक्रम अनुकरणीय रहेको, सोचेभन्दा ज्यादै भव्य भएको र सेवाका साथै ग्रामीण युवाहरूबीच शान्तिको सन्देश राम्ररी प्रसारित भएको ठम्याई छ ।

यस्ता क्रियाकलपहरूले बालबालिकाहरूमा पनि सकारात्मक प्रभाव पर्ने, उनीहरूको सक्रियता र सिर्जनशीलाताको विकास हुने हुँदा यो आयोजनामा सहयोग गरिएको कुरा आरआरएनका व्यवस्थापक भानु पराजुलीले राख्नुभयो । अतिरिक्त क्रियाकलापहरूले विद्यार्थीहरूको क्षमता वृद्धि हने कुरा उच्च माविका प्रधानाध्यापक मोहम्मद मोजविल हुसेन बताउनुहुन्छ । यस्ता भव्य र विशाल जन उपस्थितिसहितका क्रियाकलापहरूको सहआयोजनबाट सामाजिक जागरण, समाजको प्रत्यक्ष सेवाका साथसाथै शिक्षामा गुणस्तर बृद्धि गर्ने अभियानका लागि एक सहयोगी क्याप्सुलको रुपमा रहेको कुरा सिन्धुमिलन केन्द्रका कार्यसमिति सदस्य निर्मल बञ्जाराले बताउनुभयो ।

## सम्पादकीय

युरोपियन युनियनको आर्थिक सहायतामा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा मध्यमाञ्चलका दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा संचालित 'विपन्न गरीब तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रम' र यस अन्तर्गत सञ्चालन भएका विभिन्न क्रियाकलापहरूका बारेमा सम्बन्धित सरोकारवालाहरू, सरकारी निकायहरू, गैरसरकारी संघसंस्थाहरू, राजनैतिक दलहरू, सामुदायिक संघ-संस्थाहरू तथा ग्रामीण समुदायमा जानकारी गराउने उद्देश्यले प्रकाशित 'शिक्षा पहुँच' नामक अर्धवार्षिक बुलेटिनको पहिलो अङ्क यहाँहरूको हातमा छ । यस बुलेटिनमार्फत् आरआरएनले दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाहरूमा सञ्चालित बालबालिक शिक्षा कार्यक्रम लगायत अन्य सम्बन्धित कार्यक्रमहरूका गतिविधिसम्बन्धी संक्षिप्त समाचारका साथै अन्य उपयोगी र जानकारीमूलक सामग्रीहरू पनि नियमित रूपमा प्रकाशन गर्ने उद्देश्य राखेको छ ।

यस बुलेटिनलाई पठनीय र जानकारीमूलक बनाउनका लागि हामी तपाईहरूबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसका साथै आगामी अङ्कको लागि आफ्ना अमूल्य लेख, रचना तथा सुझावहरू पठाई बुलेटिन प्रकाशनमा सहयोग गरिदिन हुन समेत यहाँहरू सबैमा हार्दिक अनुरोध गर्दछौं ।

बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रमका लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा प्रकाशित

**सम्पर्क ठेगाना:**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोन: ४००४९७६, ४४००४९८५, फ्याक्स: ४००४५०८, ४४४३४९४
इमेल: rrn@rrn.org.np वेबसाइट: www.rrn.org.np